# राई समुदायको सम्पदा अध्ययन : समीक्षात्मक विश्लेषण

**डा. सोमबहादुर धिमाल**
<somdhimal@hotmail.com>

## लेखसार

*किरात महाजाति हो । उत्तरपूर्वी र पूर्वी भारत, केन्द्रीय र पूर्वी नेपाल, उत्तर बिहार, उत्तर र पूर्वी बङ्गाल, असम र लद्दाखदेखि माथि हिमाञ्चल प्रदेशका किन्नोर जिल्लामा बस्ने तिब्बत बर्मेली भाषा बोल्ने, इण्डोमङ्गोललाई किरात भनिन्छ (न्यौपाने, २०७४, पृ. ११) । नेपालभित्रका किरातको कुरा गर्दा राई यायोक्खामा आबद्ध समुदायका भाषाहरू लिम्बू (याक्थुङबा), सुनुवार (कोइँच), याक्खामात्र नभएर तराईका कोचे, मेचे, धिमाल, थारू, दनुवारलगायत अन्य जातिहरू पनि पर्दछन् । किरात राई यायोक्खामा आबद्ध विभिन्न समुदायहरूको भाषिक विविधता भए तापनि सांस्कृतिक एकता पाइन्छ । राई समुदाय आफैँमा भाषा, संस्कृति, थातथलो, पहिचान, इतिहास, समुदायको आदिवासी लोकज्ञान, सिप, कला, प्रविधि, प्रथाजनित कानुन र अभ्यासहरूमा ज्यादै सम्पन्न समुदाय हो । स्थलगत विवरण सूचीकरण कार्यमा समयसीमा र बजेटको परिधिमा रहेर राईभित्रका विभिन्न समुदायहरूको विवरण सूचीकरण गर्ने कार्य एकसाथ गर्नु सम्भव नदेखिएकाले राई समुदायका विज्ञहरूबाटै खोटाङमा साकेला, ओखलढुङ्गामा मौखिक परम्परा तथा अभिव्यक्ति, सोलुखुम्बुमा कुलुङको अल्लोको तान बुन्ने, खालिङको मुन्दुम र उदयपुरमा नछुङ परम्परा र उपचार पद्धतिको बारेमा विवरण सूचीकरण कार्य सम्पन्न गरिएको थियो । राई समुदायहरूभित्र संस्कृति पक्षले एकता र साझा देखिए तापनि भाषिक हिसाबले समुदाय पिच्छे नै विविधता पाइन्छ । विविधताभित्र एकता र एकताभित्र पनि भाषिक विविधता पाइने समुदाय नै राई हो । सबैको एकता, सहकार्य र सामूहिकताले मात्र उठ्ने उद्देश्यले किरात यायोक्खाले राईभित्रका विभिन्न भाषिक समुदायहरूलाई ऐक्यबद्धता, सहभागी, सहकार्य गर्दै नेतृत्व गरिरहेको अवस्था रहेको छ । राईभित्रका विभिन्न भाषिक समुदायहरूको आफ्नै अमूर्त सांस्कृतिक सम्पदाका विधा र तत्त्वहरूमा पनि मौखिक परम्परा तथा अभिव्यक्तिहरू, अभिनय कलाहरू, सामाजिक व्यवहार, अनुष्ठान तथा चाडपर्वहरू, प्रकृति र ब्रह्माण्डसँग सम्बन्धित ज्ञान तथा व्यवहारहरू र परम्परागत कलाकौशलताहरू रहेका छन् । समुदायको आफ्नै पाकशिक्षा, सामूहिक खेलकुदहरू पनि छुट्टै पाइन्छन् ।*

**शब्दकुञ्जी** : संस्कृति, प्रथाजनित, मौखिकपरम्परा, कलाकौशलता, सामूहिकता

## विषयपरिचय

युनेस्कोको कार्यालय काठमाडौँ र संस्कृति, पर्यटन तथा नागररिक उडड्यन मन्त्रालयको संयुक्त आयोजनामा पूर्वका किरात राईहरूको अमूर्त सांस्कृतिक सम्पदाको पहिचान, विवरण सूचीकरण

र संरक्षण कार्य योजना निर्माणसम्बन्धी कार्यशाला/प्रशिक्षण कार्यक्रम खोटाङ जिल्लाको हलेसीमा मिति २०७४ जेठ ८ देखि १२ सम्म सञ्चालन भएको थियो । यो कार्यशाला प्रशिक्षणमा खोटाङ, सोलुखुम्बु, ओखलढुङ्गा र उदयपुर जिल्लाका किरात राई समुदायका सहभागीहरूलाई अमूर्त सांस्कृतिक सम्पदा महासन्धि २००३ को परिचय, उद्देश्य, विधा, महत्त्व, समुदायको भूमिका तथा यसको प्रावधानहरूको बारेमा, यस महासन्धि प्रयोजनका लागि अमूर्त सांस्कृतिक सम्पदाको पहिचान गर्ने, विवरणसूची तयार गर्ने एवम् संरक्षण योजना निर्माण कार्यको सैद्धान्तिक एवम् व्यवहारिक पक्षमा जानकारी दिने कार्यको साथै यी कार्यहरूमा समुदायको अनिवार्य सहभागिताको आवश्यकताको बारेमा जानकारी गराइएको थियो ।

यसरी २००३ को महासन्धि, अमूर्त सांस्कृतिक सम्पदाको पहिचान, विवरणसूचीकरण एवम् संरक्षण योजना तयार गर्ने विषयमा सैद्धान्तिक एवम् व्यवहारिक विषयवस्तुको जानकारी गराइसकेपछि समुदायकै सहभागीहरू तथा विज्ञहरूले पहिचान गरेका अमूर्त सांस्कृतिक सम्पदाको विवरण सूची तयार गर्नु र संरक्षण योजना बनाउनु सम्बन्धित जिल्लाका सहभागी, अनुसन्धाताहरूलाई आआफ्नै जिल्लामा पाँच दिनका लागि पठाउने पूर्वयोजना रहेको थियो । यसका लागि समुदायका विज्ञहरूले पहिचान गरेका अमूर्त सांस्कृतिक सम्पदाहरूमध्ये कुनकुन सम्पदा, कुनकुन जिल्लामा बढी प्रचलनमा छन् भनी छलफल हुँदा कार्यशाला तथा प्रशिक्षण कार्यक्रमपश्चात समुदायका विज्ञहरूबाट समय र बजेटको उपलब्धताको सीमालाई ख्याल गर्दै पाँच दिनभित्र स्थलगत अमूर्त सांस्कृतिक सम्पदाहरूमा राई समुदायको विवरण सूचीकरणका लागि खोटाङमा चाम्लिङको साकेला, सोलुखुम्बुमा खालिङ समुदायको मुन्दुम, कुलुङ समुदायको तान बुन्ने कला तथा सिप, ओखलढुङ्गामा वाम्बुले राईको मौखिक परम्परा तथा अभिव्यक्ति र उदयपुरमा चाम्लिङ राईको धामी, झाँक्री र उपचार पद्धतिको बारेमा कम्तीमा सूचना खोज अध्ययन तथा अनुसन्धान भै विवरण सूचीकरणमा समावेश हुनुपर्ने निधोअनुसार स्थलगत कार्य सम्पादन गरियो । सोही कार्यका लागि संस्कृति मन्त्रालय र युनेस्को द्वारा विगतमा आयोजित क्षमता अभिवृद्धि कार्यशाला/प्रशिक्षणबाट प्रशिक्षित एकएक जना फिल्ड सहजकर्ताहरूलाई सम्बन्धित जिल्लाका सहभागीहरूका साथमा पठाइने योजना बनाइएको थियो । योजना मुताबिक आयोजकहरूद्वारा चारवटा जिल्लाका लागि फिल्ड सहजकर्ताहरूको जिम्मेवारीको रूपमा सोमबहादुर धिमाल, दुर्योधन बस्नेत, करूणा राई र जयन्ती श्रेष्ठलाई मनोनयन गरिएको थियो । आयोजकहरूले दिएको जानकारीअनुसार विशेष कारणवश करूणा राईको अनुपस्थिति रह्यो भने संस्कृति मन्त्रालयकी पुरातत्त्व अधिकृत जयन्ती श्रेष्ठको हलेसीको कार्यक्रममा सहभागिता रहे तापनि कार्य व्यस्तताका कारण फिल्ड सहजकर्ताको भूमिका निर्वाह गर्न सक्ने अवस्था रहेन् ।

अन्ततः चारैवटा जिल्लामा फिल्ड सहजकर्ताद्वय दुर्योधन बस्नेत र सोमबहादुर धिमालले भ्याउनु पर्ने अवस्था सिर्जना भयो । यहाँनेर हाम्रो बुझाइमा फिल्ड सहजकर्ताको मनोनयनमा आयोजकहरूको कमजोरी रह्यो भन्ने लाग्छ । चार वटा जिल्लामा चार जना फिल्ड सहजकर्ता जाने योजना असफल भए पश्चात दुई जनाले चारैवटा जिल्ला भ्याउनुपर्ने तर पूर्व निर्धारित समय सीमा र बजेटको सीमाभित्र रहेर काम गर्नुपर्ने अव्यवहारिक कुरा आयोजकबाट आएपछि निर्धारित समय र खर्चमा चारैवटा जिल्लामा काम गर्ने कुरा सम्भव थिएन् । एउटा जिल्ला सोलुखुम्बुमा चाहिँ स्थानीय सहजकर्ता साथीहरूले नै कार्यक्रम सम्पन्न गरेका थिए ।

यस स्थलगत अध्ययन तथा तालिम कार्यक्रमको उद्देश्यहरूमा समुदायहरूले आफ्ना अभौतिक सांस्कृतिक सम्पदाका विधाहरू र तत्त्वहरू बुझ्ने अवसर पाउने, समुदायको सम्पदाको पहिचान गर्ने, आफ्नै तरीकाले समुदायले सम्पदा विधा र तत्त्वलाई परिभाषित गर्ने अवसर पाउने रहेको थियो । समुदाय तथा समूहहरूको परम्परागत ज्ञानको अभ्यास र निरन्तरताको कारण नयाँ पुस्तामा सम्पदा संरक्षण, हस्तान्तरण र पुस्तान्तरण गर्ने, समुदायले सम्पदा सरोकार ज्ञानबारे जनचेतना अभिवृद्धि गर्ने, महत्त्व बुझ्ने र सूचीकरण गर्दा समुदायको सहभागिताको सुनिनिश्चितता गर्ने र एउटा राईभित्रैकै समुदायको सम्पदालाई अर्को राईभित्रकै समुदायले बुझ्ने, पहिचान गर्ने र सम्मान गर्ने वातावरण तयार गर्ने रहेको थियो ।

## अध्ययनविधि

तालिम कार्यक्रममा अडियो भिडियो, पावर पोइन्टमा प्रस्तुति गर्ने र समुदायका व्यक्तित्वहरूसँग छलफल गराउने, बुझाउने विधिहरू अपनाइएको थियो । स्थलगत सूचीकरण कार्यमा समुदायको अनिवार्य सहभागिता (Bottom-Up Approach) का लागि समुदायले तोकेका अनुसन्धाताहरूलाई सहभागी गरिएको थियो । अध्ययनको सिलसिलामा ४ जिल्लाका विभिन्न राई समुदायका गाउँघरहरूमा स्थलगत भ्रमण गरी आवश्यक सूचना तथा तथ्याङ्कहरू सङ्कलन गरिएको थियो । सूचना सङ्कलन गर्ने र थप विवरणहरू लिने क्रममा समुदायका विज्ञहरू, संस्कृतिविद्, बुढापाका, अभ्यासकर्ताहरूसँग समूह छलफल, अन्तर्वार्ता, प्रश्नावली भर्ने कार्य सम्पन्न गरिएको थियो । आवश्यक थप अध्ययन तथा खोजी गर्दा केश स्टडीसमेत गरिएको थियो । अध्ययनकै सिलसिलामा गाउँघर तथा समूह छलफल, केश स्टडीको भिडियोग्राफी गर्ने र फोटोहरू खिच्ने कार्य पनि सम्पन्न गरिएको थियो ।

## समुदायसँगको सम्झौता

अमूर्त सांस्कृतिक सम्पदा महासन्धि २००३ समुदाय केन्द्रित छ । हरेक पक्ष राज्यले अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण क्रियाकलापहरूको परिधिभित्र सिर्जना, जगेर्ना तथा हस्तान्तरण गर्ने समुदाय, समूह तथा उपयुक्त भएमा व्यक्तिहरूसमेतको व्यापक सम्भाव्य सहभागिता सुनिश्चितता तथा व्यवस्थापनमा सक्रिय संलग्न गराउनुपर्ने कुरा उल्लेख छ (धारा १५) । धारा २, परिच्छेद ३ मा उल्लिखित संरक्षणका उपायहरूमध्ये समुदायहरू, समूह तथा सम्बद्ध गैरसरकारी संस्थाहरूको सहभागितामा भू-क्षेत्रभित्र रहेका अमूर्त सांस्कृतिक सम्पदाका विविध तत्त्वहरूको निर्क्योल तथा परिभाषित गर्न सक्ने कुरा उल्लेख छ (धारा ११, ख) । विश्वका आदिवासी जनजातिहरूको हकमा अग्रिम जनकारी, सुसूचित हुने हक र उनीहरूसँगको परामर्श तथा सहमति र मन्जुरीलाई पनि ख्याल गर्नुपर्ने हुन्छ । यसलाई अमूर्त सांस्कृतिक सम्पदाको भाषामा **"आस्क फ्रस्ट"** भनिन्छ ।

आदिवासी जनजातिलाई असर गर्नसक्ने कानुनी वा प्रशासनिक उपायहरू अवलम्बन तथा कार्यान्वयन गर्नु पूर्व राज्यले आदिवासी जनजातिको स्वतन्त्र, पूर्व र सुसूचित मन्जुरी प्राप्त गर्न सम्बन्धित आदिवासी जनजातिका आफ्नै प्रतिनिधिमूलक संस्थाहरूमार्फत उनीहरूसँग असल नियतले परामर्श र सहयोग गर्नेछन् ।[१] यसरी आदिवासी जनजातिको सवालमा काम गर्दा सुरुदेखि अन्त्यसम्म

१ आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र १३ सेप्टेम्बर, २००७, धारा १९ (स्वतन्त्र, अग्रिम जानकारी सहितको मन्जुरी) ।

उनीहरूको सहभागिताको सुनिश्चितता गर्नुपर्ने हुन्छ ।

## आइसिएच (Intagible Culutral Hertiage, ICH) को अवस्थाबारेको सूची पहिचान

युएनले आदिवासी जनजातिहरूको लागि घोषणा गरेको अधिकारको धारा ३१ मा उल्लेख भएअनुसार आदिवासी जनजातिहरूका लागि उनीहरूका विभिन्न सम्पदाहरूलाई व्यवस्थापन गर्ने, नियन्त्रण गर्ने, सुरक्षा गर्ने र विकास गर्ने अधिकार हुन्छन् । यी विभिन्न सम्पदाहरूअन्तर्गत सांस्कृतिक सम्पदा, परम्परागत ज्ञान, सांस्कृतिक अभिव्यक्ति, स्थानीय आदिवासी प्रविधि, मानव स्रोतसाधन, बिउबिजन, ओखती, वनस्पति र वन्यजन्तु सरोकार ज्ञान, मौखिक परम्परा, लोकसाहित्य, डिजाइन, परम्परागत खेलकूद, श्रव्यदृश्य प्रर्दशनी कलाहरू आदि हुन सक्दछन् । यी विभिन्न सम्पदाहरूमाथि विकास गर्ने, नियन्त्रण गर्ने, संरक्षण गर्ने र व्यवस्थापन गर्ने साथै आदिवासी जनजातिहरूको बौद्धिक सम्पत्तिमाथिको अधिकार पनि हुन्छ ।

युनेस्को मातहतमा अमूर्त सांस्कृतिक सम्पदाको प्रभावकारी तथा यसको महत्त्वप्रतिको चेतना सुनिश्चित गर्न तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने खालको संवादलाई प्रोत्साहन गर्न एउटा समिति निर्माण भएको हुन्छ । समितिले सम्बन्धित पक्ष राज्यहरूको प्रस्तावना, मानवताको अमूर्त सांस्कृतिक सम्पदाको एउटा प्रतिनिधिमूलक सूचीको स्थापना गर्ने, अद्यावधिक राख्ने र आवश्यक पर्दा प्रकाशित गर्ने कार्य गर्दछ । यस समितिले प्रतिनिधिमूलक सूची स्थापना गर्न, अद्यावधिक राख्न र प्रकाशन गर्नका लागि आधारहरू तयार गर्ने कार्य गर्दछ । विभिन्न देशहरूबाट प्राप्त सूचीहरूलाई स्वीकृतिको लागि युनेस्कोको साधारणसभामा पेस गर्ने गर्दछ ।[२]

तत्काल संरक्षण आवश्यक अमूर्त सांस्कृतिक सम्पदासूचीको कार्य गर्दा उपर्युक्त संरक्षण उपायहरू अवलम्बन गर्ने दृष्टिकोणका साथ समितिले तत्कालै संरक्षण गर्न आवश्यक भएका अमूर्त सांस्कृतिक सम्पदासूची स्थापना गर्ने, अद्यावधिक राख्ने तथा बेलाबेलामा प्रकाशन गर्ने गर्दछ । सम्बन्धित पक्ष राज्यको अनुरोधमा त्यस्ता सम्पदालाई सूचीबद्ध गर्ने कार्य गर्दछ । समितिले सम्पदासूची स्थापना गर्न, अद्यावधिक राख्न र प्रकाशन गर्नका लागि आधारहरू तयार गर्ने गर्दछ र ती आधार हरूलाई स्वीकृतिको लागि साधारणसभामा पेस गर्ने गर्दछ ।

यी सम्पदा वर्गीकरण गर्ने सम्पदासूचीलाई हेर्दा तीन तहमा वर्गीकरण गर्न सकिन्छ । एउटा तत्कालै संरक्षण गर्नैपर्ने (**Need of Urgent Safeguarding List**) सम्पदाहरू पर्दछन् । यसभित्र लोपोन्मुख सम्पदाहरू पर्दछन् । यदि तुरून्तै प्रवर्धन, संरक्षण र पुस्तान्तरण गर्न नसकिने हो भने त्यस्ता सम्पदाहरू सधैंको लागि लोप भएर मानवजीवन समाजबाट नष्ट हुन सक्दछन् । जाति समुदाय, क्षेत्रगत तथा राष्ट्रिय पहिचान झल्किने यस्ता लोपोन्मुख सम्पदाहरू बेलामै संरक्षण गर्नु नितान्त आवश्यक हुन्छ । देशभित्रका सम्पदा संरक्षण गर्नुमा राज्य पक्षको ठुलो भूमिका रहन्छ ।

दोस्रो हो प्रतिनिधिमूलक सम्पदासूची (**Representative List**) । विशेषगरी यस सूचीमा पर्ने सम्पदाले विविधताको सम्मान गर्ने, प्रयोगमा निरन्तरता हुने, सम्पदाको महत्त्वको बारेमा जनसमुदायबिचमा जनचेतना अभिवृद्धि गर्ने, समुदाय तथा राज्यको प्रतिनिधित्व गर्ने काम गर्दछन् । यस सूचीमा प्रतिनिधित्व गर्ने सम्पदालाई पनि समुदाय, स्थानीय सरकार र राज्यको पक्षबाट प्रवर्धन, संरक्षण

२ अमूर्त सांस्कृतिक सम्पदा महासन्धि २००३, धारा १६ (१) र (२) हेर्नुहोस् ।

नगरिएको खण्डमा सम्पदा लोप हुने सम्भावना बढी हुन्छ ।

अको सूचीमा उत्तम अभ्यासमा रहेका सम्पदाहरू पर्दछन् । यो उत्तम अभ्यास (**Best Safeguarding Practice List**) मा रहेका सम्पदाहरू राम्रो अभ्यासमा रहेका हुन्छन् । समुदाय, स्थानीय निकाय र राज्यले पनि राम्रो पहिचान गरेका हुन्छन् । एक पुस्ताबाट अर्को पुस्तामा हजारौँ-हजारौँ वर्षबाट हस्तान्तरण र पुस्तान्तरण हुँदै आएका हुन्छन् । समुदायभित्र राम्रो अभ्यासमा आधारित हुन्छन् ।

## अमूर्त सांस्कृतिक सम्पदा सूचीको प्रक्रिया र महत्त्व

अमूर्त सांस्कृतिक सम्पदा महासन्धि २००३ अनुसार महासन्धिको धारा १२ मा वस्तुसूची वा इन्भेन्ट्री गर्ने कुरा उल्लेख छ । धारा १२ (१) अनुसार संरक्षण गर्ने ध्येयले परिचय सुनिश्चित गर्न, प्रत्येक पक्षराष्ट्रले आफ्नो देशको भूभागमा अवस्थित आइसिएचका एक वा सोभन्दा बढी वस्तुसूचीहरू आफ्नो देशको परिस्थिति र परिवेश सुहाउँदो किसिमले निर्माण गर्न सक्ने, वस्तुसूची नियमित रूपमा अद्यावधिक गर्न सक्ने कुरा उल्लेख छ । सोही धाराको (२) मा प्रत्येक पक्षराज्यले धारा २ ९ (पक्ष राज्यहरूका प्रतिवेदनहरू - समितिद्वारा परिभाषित विषय वा आवधिकताको अवलोकन गरी महासन्धिको कार्यान्वयनका लागि अवलम्बन गरिएका व्यवस्थापकीय, नियमन तथा अन्य उपायहरूको बारेमा पक्षराष्ट्रहरूले युनेस्को समितिसमक्ष प्रतिवेदनहरू पेस गर्नुपर्ने छ) अनुसार आफ्नो प्रतिवेदन आवधिक रूपमा युनेस्को समितिमा पेस गर्दा त्यस्ता वस्तु सूचीहरूमा सम्बद्ध जानकारी उपलब्ध गराउनुपर्ने हुन्छ ।

हरेक देशले आफ्नो परिवेश, अवस्था र उपलब्ध स्रोतसाधनहरूलाई ध्यान दिँदै इन्भेन्ट्री फरम्याट तयार गर्न सक्ने प्रावधान छ । नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय अन्तर्गत रहेको संस्कृति महाशाखाले पनि वस्तु विवरणसूची तयार गर्ने फाराम तयार गरेको छ ।

वस्तुसूचीकरण कार्य गर्दा हुने फाइदा वा महत्त्वको कुरा गर्दा अभौतिक सांस्कृतिक सम्पदा संरक्षण गर्ने यो ज्यादै प्रभावकारी उपाय पनि हो । यो कार्यले गर्दा समुदायहरूले आफ्ना सम्पदाको विधाहरू र तत्त्वहरू बुझ्ने, पहिचान गर्ने र आफ्नै तरीकाले परिभाषित गर्ने अवसर पाउँदछन् । समुदाय तथा समूहहरूको परम्परागत ज्ञानको अभ्यास र निरन्तरताको कारण नयाँ पुस्तामा सम्पदा हस्तान्तरण र पुस्तान्तरण हुन सक्दछन् । समुदायले सम्पदा सरोकार ज्ञान बारे जनचेतना अभिवृद्धि गर्ने, महत्त्व बुझ्ने र सूचीकरण गर्दा समुदायको सहभागिताको सुनिनिश्चितता गर्न सक्दछन् । साथै एउटा समुदायको सम्पदालाई अर्को समुदायले बुझ्ने, पहिचान गर्ने र सम्मान गर्ने वातावरण तयार हुन्छन् ।

समुदायमा आधारित सूचीकरण कार्य सम्पादन गर्दा पाँच चरणहरू पुरा गर्नुपर्ने हुन्छन् ।[३] ती चरणहरू निम्न प्रकारका छन् :

**(क) समुदायको अनिवार्य सहभागिता** : जुन समुदायको अभौतिक सांस्कृतिक सम्पदाको वस्तु विवरण

३ Five steps to creating an ICH Inventory retrieved from https://heritagebc.ca/learning-centre/intangible-cultural-heritage/ich-creating-a-community-based-inventory/

सूचीकरण तयार गर्ने हो, सो समुदायको अनिवार्य सहभागिता हुनैपर्छ । समुदायको आधारभूत अभ्यास सिद्धान्त र सामान्य नियमअनुसार नै सूचीकरण कार्य गर्नुपर्छ । यसको लागि समुदायसँग स्वतन्त्र, अग्रिम जानकारी सहितको मन्जुरी (**Free, Prior Informed Consent**) लिनुपर्ने हुन्छ । समुदायको सहभागी र मूल्यमान्यताअनुसार नै कार्य सम्पादन गर्नुपर्छ ।

**(ख) योजना र मूल्याङ्कन** : यसको लागि कुन समुदायको के विषयमा गर्ने (तत्त्व र विधा), कहाँ गर्ने (स्थान), कहिले गर्ने (समय), को सँग मिलेर गर्ने (समुदाय आफैले कि अन्य गैरसरकारी निकाय वा स्थानीय क्लव र संस्थाहरूसँग सहकार्य गरी गर्ने कि), किन गर्ने (सूचीकरण कार्यको महत्त्व र औचित्य) र कसरी गर्ने (तौरतरीकाहरू) सम्बन्धी योजना तयार हुनुपर्छ र सूचीकरण कार्य ठिक भए नभएको बारेमा जाँच गर्ने संयन्त्र पनि निर्माण गरिनुपर्छ ।

**(ग) तथ्याङ्क खोजी गर्ने** : सूचीकरण गर्दा प्राथमिक तथा द्वितीय स्रोतहरूको प्रयोग गर्नु आवश्यक पर्दछन् । समुदायको सहभागीमूलक सहभागिता तलबाट माथि राष्ट्रिय निकाय (**Bottom-Up Approach**) अध्ययन पद्धति अपनाउनु पर्दछ । नेपालको राष्ट्रिय सूचीकरण गर्नका लागि अभौतिक सांस्कृतिक सम्पदा (सूचीकरण तथा व्यवस्थापन) कार्यविधि, २०८१ अनुसारको अनुसूची १, २, ३ र ४ को लागि आवश्यक सम्पूर्ण विवरण, प्रमाण, फोटो, अडियो, भिडियो, स्थानीय तहको सिफारिस, स्थानीय सूचीमा समावेश भए नभएको आदि अनिवार्य जुटाउनु पर्ने हुन्छन् ।

**(घ) दस्ताबेजीकरण** : वस्तु सूचीकरण गर्दा प्रयोग भएका अन्तर्वार्ता भाषालाई अनुवाद गर्नुपर्छ । स्थलगत अध्ययनबाट प्राप्त प्राथमिक सामग्रीहरू र द्वितीय सामग्रीहरूलाई व्यवस्थित रूपले राख्नुपर्छ । कतिवटा फोटोहरू, कति लामो अडियो र भिडियोहरू खिचियो, कति कति समयको भयो रेकर्ड राख्नुपर्छ । केश स्टडी, अन्य सूचना तथा जानकारी भएमा पनि व्यवस्थित रूपमा राख्नुपर्छ । प्रतिवेदन तयार गर्ने र इन्भेन्ट्रिको विस्तृत विवरण र दस्ताबेजलाई कम्प्युटरमा सेभ गरी राख्नुपर्ने हुन्छ ।

**(ङ) सार्वजनिकीकरण गर्ने** : समुदायसँगको सहमति, सम्झौता अनुसार गोप्य राख्ने र सार्वजनिकीकरण गर्नु मिल्ने कुराहरूलाई छुट्टाछुट्टै फाइल बनाउनु पर्ने हुन्छ । समुदायको हित गर्ने शिक्षा, जनचेतना जानकारी, प्रचारप्रसार सरोकार सामग्रीहरू पनि केके कुराहरू, कहाँ र कहिले सार्वजनिकीकरण गर्ने भन्ने कुरामा ध्यान दिनुपर्ने हुन्छ । समुदायले गोप्य राख्नु भनेको कुरा कहिल्यै सार्वजनिक गर्नु हुँदैन । गोप्य नै राख्नुपर्छ र अन्यलाई दिनु पनि हुँदैन् । समुदायको सहमतिमा वेबसाइटमा राख्न मिल्ने सामग्री सबैको जानकारीको लागि पब्लिक एक्सेस (**Public Access**) गर्नुपर्छ ।

## स्थलगत अध्ययनको प्राप्ति

**साकेला** : किराती समुदायभित्र साकेला ज्यादै लोकप्रिय प्रकृतिपूजा केन्द्रित लोकनृत्य हो । तोयामा र खियामा भाइ रैछाकुलेको बिहेमा आएपछि रैछाकुलेले आफ्नो बिहे सकिएपछि चेलीहरू तोयामा खियामालाई विदाइ गर्छ । दिदीहरूले पनि भाइको बिहेपछि बिदाबारी हुँदा नाच्न थाल्छन् । यहीदेखि साकेला नाच्न थालिएको हो भन्ने भनाइ रहेको छ । साकेला उत्पत्तिसम्बन्धी जानकारी किरातीहरूको आदिम पुर्खा तोयामा खियामालाई साकेलाको सुरुआत कर्ता मानिन्छ । साकेला गीत, साकेला

मुन्दुम, लय, अभिनय, सिलीको अर्थ, प्रकृतिसम्बन्धी विश्वासमा आधारित पाइन्छ । धर्म परिवर्तन र आधुनिकताका कारण साकेलाका मौलिक पक्षहरू छाँयामा पर्न थालेको छ । साकेलाका आफ्नै मौलिक गीत भए तापनि अहिले खस भाषामा गाउन थालिएको देख्दा समस्या पर्दै आएको पाइन्छ ।

**होलेसुङको दरबार** : होलेसुङको परेड खेल्ने पार्कको ंसम्झनामा होलेसुङपार्क निर्माण गरिएको छ । होलेसुङको दरबार चाहिँ खिम्लेमा पर्छ । यो ठाउँ हाल हात्तीढुङगेमा पर्छ । यसलाई पुरानो हलेसी पनि भनिन्छ । अहिले स्थापित भएको हलेसी चाहिँ नयाँ हलेसी हो । हलेसी नाम पनि होलेसुङबाट अपभ्रंस भएर भएको भनाइ छ । व्यवस्थित गर्न सक्दा भोलिको दिनमा संस्कृति केन्द्रित पर्यटन विकास र स्वरोजगारी सिर्जना गर्न सकिने सम्भावना छ ।

**मुन्दुम मिथक** : किरात वाम्बुले राई समुदायमा प्रचलित मौखिक अभिव्यक्ति मिथक मुन्दुमअनुसार सृष्टिकर्ता भगवान्को इच्छा वा अनुकम्पाले पूरै धर्तीको सृष्टि भएको कथा पाइन्छ । त्यसपछि ढाँदे दुबो मौलाएछ । किट फट्याङ्ग्रा उत्पत्ति भएछ । वनजङ्गलमा विचरण गर्ने जीव, जनावरहरूको पनि उत्पत्ति भएछ । त्यस्तै दुलो, ओडार, गुफामा बस्ने सरिसृप अजिङ्गरको उत्पत्ति भएछ । ठुला रूख विरूवामा बस्ने चरा चुरूङ्गीको पनि उत्पत्ति भएछ । त्यसै गरी भगवान्ले मानवजाति महिला र पुरूषको उत्पत्ति भएछ भन्ने किंवदन्ती पाइन्छ ।

**तीन चुला** : वाम्बुले राई समुदायमा तीन चुलाको विशेष महत्त्व रहने गर्दछ । वाम्बुले राईहरूको मुक्तुम वा मुन्दुम दर्शनअनुसार जब आदिम पूर्वजहरू खाक्चिलुपा र रिनाखाले ढुङ्गे वा घुमन्ते युगदेखि व्यवस्थित घर निर्माण गरी स्थिर बसोबास गर्न थाले, त्यही बेलादेखि तीन चुलाको स्थापना गरेको विश्वास छ । त्यसरी तीन चुला स्थापना गर्ने बेलामा घरको मुलढोका पूर्वपट्टि छोरी चेलीको प्रतीक जानेलुङ, कानेलुङ, हिमालुङ, हेसिलुङ, दक्षिणपट्टि अर्थात् पितृस्थान तिर दाजुभाइको प्रतीक नाक्सोलुङ, बानालुङ, खुवालुङ, मुसुलुङ र उत्तर पश्चिमपट्टि घरमुली अर्थात् घर परिवारको प्रतीक प्रोतिलुङ, साप्तिलुङ, ल्वाकुलुङ, ब्रिङकलुङ, न्याप्टिलुङ जस्ता नामाकरण गरी स्थापना गरिएको हुन्छ । ती चुलाको बिच भागमा पाखाङमालो, दिखाङमालो (आगो) हुन्छ र त्यही तीन चुला र अगेना नै किरातीहरूको तिर्थधाम भनेर बुझिन्छ । समग्रमा यसलाई वाम्बुले राईहरूले फचुल पनि भन्दछन् । वाम्बुले राईहरूले विवाह, न्यगी र पितृकार्य (खाउमो) जस्ता धार्मिक अनुष्ठान तथा कार्य गर्दा सबैभन्दा पहिले तीन चुलालाई पुज्ने परम्परा छ । तीन चुला पुज्दा कोदोको चोखो जाँड (ची), अदुवा, काँसे डबका, पित्तलको डाडु जस्ता सामाग्री अनिवार्य चाहिन्छ । यो विधि नाक्सो र ङाबुचोद्वारा सम्पन्न गरिन्छ ।

**न्यगी पूजा** : न्यगी (नागी) खालिङ राईहरूको कुलपूजा हो । न्यगी पूजा खालिङ राईहरूको सम्पूर्ण शुभकार्य गर्नु पूर्व विवाह, नयाँ घर प्रवेश, साकेला पूजा आदि आयोजना गर्दा गरिन्छ । आदिम खालिङ पुर्खा कुचपोलेक नातिनि छेउरिमले रोक्तोकम (इन्द्रेणी) सँग विवाह गरे तर सासु आमाले ज्वाईलाई देखेर तर्सिएर बिमारी परिन् । रोक्तोकम (इन्द्रेणी) ज्वाईले सासु आमालाई उपचार गर्नु छोरीलाई विधि सिकाइ न्यगी पूजा गर्दा सासु आमालाई ठिक भएको थियो भन्ने किंवदन्ती छ । न्यगी पूजा गर्नाले शान्ति र समृद्धि हुने विश्वास भएकोले प्रत्येक वर्ष पूजा गर्ने गरिन्छ ।

**नछुङ (धामी) परम्परा** : उदयपुर जिल्लाको सुनकोसी गाउँ पालिका वडा नं. ४ स्थित बलम्तामा

(माहाशेर राई) चाम्लिङ नछुङ (धामी) को परम्परा अन्तर्गत धामीको अभिव्यक्तिद्वारा चाम्लिङ समुदायका मानिसहरूलाई चाम्लिङ धामीहरूले विविध प्रक्रियाद्वारा चाम्लिङहरूको संस्कार संस्कृति तथा धार्मिक आस्था एवम् विश्वासले चाम्लिङ समुदायमा जन्मदेखि मृत्यु पर्यन्तसम्म धामीबाटै थुप्रै प्रक्रियाहरू गर्नुपर्ने हुन्छ । यस प्रक्रियाले सामाजिक, सांस्कृतिक महत्त्व बोकेको छ । चाम्लिङ समुदायमा धामीबिना कुनै पनि महत्त्वपूर्ण संस्कारहरू गर्न सकिँदैन । चाम्लिङ समुदायमा कोही कसैको मृत्यु भएमा अन्तिम संस्कार बर्खान्त वा बर्खी गर्नु परेमा चाम्लिङ मोपामी धामी बिना ती मृत्युवरण गरेका मानिसको टुङ्गो लगाउन सक्दैन् । त्यसैले नछुङ परम्पराको प्रक्रियाले ती मानिसको बर्खी गर्दा मरेको मानिसले घरका आफन्त नातागोताहरूलाई दुःख दिँदैन, ती मरेकालाई नछुङले उसको बाटोमा लगाइदिएपछि मात्र घरमा सम्पूर्ण परिवारलगायत प्रक्रियाहरू रिसियाहरू क्रमशः आफैँ सामान्य बन्दछ । धामीको क्रियाकलाप हेर्दा अत्यन्त अद्भूत तथा अलौकिक किसिमको अनुभूत गर्न सकिन्छ ।

## शिक्षा

सोलुखुम्बु बाहेक बाँकी तीनओटा खोटाङ, ओखलढुङ्गा र उदयपुर जिल्लाको विवरण सूचीकरण र संरक्षण योजनाको काम दुई जना सहजकर्ताले एक साथ गर्ने सहमति आयोजकहरूसँग भयो र उक्त कामको जिम्मा फिल्ड सहजकर्ताद्वारा लिने काम भयो । काम गर्ने सिलसिलामा यात्राको दौरान अनुभूति सहजता-असहजता, सुख-दुःख, रमाइला-नरमाइला, तीता-मीठा, अभाव-उपलब्धता, सबै पक्षलाई समग्रतामा हेर्दा अमूर्त सांस्कृतिक सम्पदा पहिचान, विवरण सूचीकरण र संरक्षण योजनाको काम काठमाडौँमा बसेर सोचे जस्तो त्यति सहज हुने रहेन छ । चाहे समयसीमा निर्धारणको दृष्टिले होस् चाहे बजेट निर्धारणको दृष्टिले वा अन्य दृष्टिले भन्ने शिक्षा प्राप्त भयो । काम गर्नको लागि चार दिन तोकिएको हुन्छ, दुई वा तीन दिन बाटैमा लाग्दछ, अनि काम कति दिन गर्ने ? के सङ्कलन गरी ल्याउने ? भनिएको हुन्छ – चार दिन भन्दा बढी पारिश्रमिक मिल्दैन् । विकट भूगोल छ, पहिरो जान सक्छ, बाढी लाग्न सक्छ, जीवन सुरक्षाको लागि बिमाको व्यवस्था छैन् । यस विषयमा सम्बन्धित पक्षले आगामी कार्यक्रम आयोजना गर्दा गम्भीर भएर सोच्नु जरूरी छ जस्तो लाग्छ । यसले के प्रस्ट पार्दछ भने "**समुद्रको गहिराई समुद्रको सतहमा पुगेपछि मात्र थाहा हुन्छ, हचुवाको आकलन गलत हुन जान्छ ।**" योजना बनाउनेहरूले यो सत्य तथ्यको ख्याल राख्नु जरूरी देखियो । आगामी दिनमा यो हाम्रो अनुभूतिहरू आयोजकहरूका लागि एउटा राम्रो पाठ बनोस् भन्ने हाम्रो आशय पनि हो ।

समयसीमा, आर्थिक सीमिततालगायतका विविध चुनौतीहरूका बाबजुत पनि समग्रमा कार्यक्रमले सफलता प्राप्त गरेको हाम्रो बुझाइ रह्यो । आयोजकहरूले यसलाई कसरी बुझे त्यो आफ्नो ठाउँमा थियो । दिएको जिम्मेवारीलाई समय सीमाभित्र कतिपनि अल्छी र ठगठाग नगरी इमान्दारीता र वफादारीताका साथ पूरा गर्ने जमर्को गरेका थियौँ । यसलाई राज्यको मात्र नभएर युनेस्को काठमाडौँ संस्कृति मन्त्रालयको मात्र नभएर एउटा सचेत नागरिकको नाताले हाम्रो पनि जिम्मेवारी र कर्तव्य थियो भन्ने कुरालाई आत्मसात् गरी काम गर्ने प्रयास गरेका थियौँ । सम्बन्धित स्थानीय अनुसन्धाता र स्थानीय समुदायको साथ सहयोग र सद्भाव अत्यन्तै सराहनीय, प्रसंसनीय र अविष्मरणीय रह्यो । हाम्रो समुदायको उत्थानका लागि काम भैइराखेको छ भन्ने अनुभूति उहाँहरूमा देखियो । हाम्रो अमूर्त सांस्कृतिक सम्पदा हामी आफैँले खोज्नुपर्ने र बचाउनुपर्ने रहेछ भन्ने चेतनाको

लहर पैदा भएको पाइयो । त्यसैले त स्थलगत अध्ययनताका खेतीपातीको मौसम, चुनावी व्यस्तता, पेसा व्यवसायमा समय दिनुपर्ने बाध्यताको बाबजुद पनि कार्यक्रममा स्वतः स्फूर्त रूपमा उल्लेख्य उपस्थिति रहन गयो ।

हुन त समुदाय आफैँले पनि आफ्ना अमूर्त सांस्कृतिक सम्पदाहरूको आफ्नै ढङ्गले खोजी गरिरहेको र संरक्षणका निम्ति अभ्यासमा निरन्तर रूपमा लागि परेको पाइयो । समुदायलाई केवल २००३ को महासन्धिको ढाँचा आवश्यक थियो । हलेसीको जेठ ८ देखि १२ गतेसम्मको कार्यशाला तथा प्रशिक्षण गोष्ठी र गोष्ठीमै सहभागी समुदायको प्रशिक्षार्थीहरूकै संलग्नतामा उनीहरूकै छनौटमा जिल्ला–जिल्लामा गरिएको अमूर्त सांस्कृतिक सम्पदा तत्त्वको पहिचान, विवरण सूचीकरण र संरक्षण योजनाले समुदायलाई थप उत्साहित तुल्याएको थियो भने थप जिम्मेवारी र ऊर्जावान् पनि बनाएको थियो । यस कार्यक्रमको अत्यन्तै सकारात्मक पक्ष रहेको थियो ।

दुई जना सहजकर्ताहरूको सहकार्य रहँदा काममा अत्यन्तै सहजता सिर्जना हुन गयो । चाहे चुनौतीको सामना गर्न होस्, चाहे विवरण सूचीकरण गर्ने काममा । एक अर्काको परिपूरक भएर काम गर्न पाइयो । आवश्यक कुनै पनि कुराहरू छुट्ने सम्भावना रहेन । कार्य विभाजन गर्न सजिलो भयो । यो पनि सकारात्मक पक्ष थियो । केही चुनौतीहरू पनि काम गर्ने सिलसिलामा खडा भएका थिए । चुनौतीको पहाडै खडा भएको भने थिएन । डरलाग्दा, कच्ची र साँगुरो मोटरेबल बाटोमा डर, त्रासका बिच लामो दुरीको यात्रा गर्नुपर्ने, घना जङ्गल, नदी किनारा, अत्यन्तै उकालो र ओरालो भिरपाखा हुँदै पैदल यात्रा गर्नुपर्ने जसले गर्दा स्थानीय गाइडको साहारा लिनुपर्ने, गाउँमा नुहाउने धुवाउने र ट्वाइलेट जानसमेत पानीको अभाव, बिजुली बत्तीको अभावमा मोबाइल, क्यामारा, ल्यापटप चार्ज गर्न नपाउँदा काममा बाधा, यातायातको पहुँच नहुँदा महँगीको भार खेप्नुपर्ने आदि चुनौतीहरूको सामना गर्नुपरेको थियो । यसरी अन्ततः समस्या सप्ठ्यारा, अप्ठ्यारा आदि चुनौतीसँगै महत्त्वपूर्ण यो कार्यक्रम उपलब्धिमूलक बन्न पुगेको थियो ।

## विश्लेषण

### सबल पक्ष

समुदाय उत्साहित, जिम्मेवारी र आफ्नो सम्पदा संरक्षण, प्रवर्धन, पुस्तान्तरण गर्नुपर्छ भन्ने भावनाका साथ सहयोग गरेका थिए । समुदायबाटै चार जिल्ला सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ र उदयपुरको लागि स्थानीय सहजकर्ताहरू तोकिएको हुनाले काम गर्न सहजता भएको थियो । नयाँ ठाउँ, नयाँ गाउँमा पुग्न र काम गर्न साथै वातावरण मिलाउनुमा कुनै समस्या भएको थिएन । समुदायसँग भेला, बैंठक तथा अन्तरक्रिया, छलफल र वस्तुविवरणसूची लिनमा सबैको सहयोग रहेको थियो । समुदायका अनुसन्धाता तथा सहजकर्ताका कारण वातावरण सहजता निर्माणमा महत्त्वपूर्ण भूमिका रहेको थियो । स्थानीय सहजकर्ता र समुदायको निस्वार्थ सहयोगका कारण समुदायमा छोटो दुई तीन दिनभित्रमा धेरै वस्तु विवरणसूची लिन सक्ने वातावरण तयार भएको थियो । राई यायोक्खा संस्थाबाट समुदायसँग सहकार्य गरिदिने कार्य भएको र कार्य स्थलमा काम गर्दा पारिवारिक, सहयोगी, सौहार्द वातावरणमा कार्य सम्पन्न गरिएको थियो । युनेस्को कार्यालयले अध्ययनको प्रगति प्रतिवेदन वेवसाइटमा समेत राखिदिएको लिङ्क https://unesdoc.unesco.org/ark:/48223/pf0000265261?fbclid=IwAR2b5ixjcaUem68USHhJdH9sriprYAtUMFTUZ0Uyb6bYRSCO2HremtaWEBo_पाइन्छ ।

यहाँहरूले यो लिङ्कमार्फत अध्ययनको प्रतिवेदन युनेस्कोको वेबसाइटमा समेत पाउनु सक्नुहुने छ । यो समुदायलाई चिनाउनको लागि ज्यादै महत्त्वपूर्ण कुरा भएको छ ।

**सुधारात्मक पक्ष**

स्थलगत अध्ययन तथा वस्तु विवरणसूची कार्य वर्षायाम, बाढी, पहिरो जाने बेला भएका कारण अध्ययन प्रतिकूल मौसम भएको थियो । समय तालिका राख्दा यस्ता मौसमी ज्ञान, वातावरण र समुदायको कुरालाई पनि ध्यान दिनुपर्ने हुन्छ । एक स्थान अध्ययनका लागि सहजकर्ताहरूलाई ४ दिनको मात्र भत्ता दिएको थियो । जान आउनै २ दिन लाग्ने र स्थलगत अध्ययन समय ज्यादै कम, अपुग भएको थियो, तर पनि अनुसन्धाताले दिन र पैसाको पर्वाह नगरी केही दिन अध्ययन स्थलमा बढी समय दिएका थिए । योजनामा ४ जना युनेस्को र संस्कृति मन्त्रालय अन्तर्गत सहजकर्ता तोकिए तापनि अन्तिममा काम गर्दा २ जनाले समुदायका स्थानीय सहजकर्ताहरूसँग काम गर्नुपरेको अवस्था सिर्जना भयो । योजना निर्माण गर्दा यस्ता कुरामा पनि ख्याल गर्नुपर्ने हुन्छ । पहाड, भिर-पाखा, हिमाली क्षेत्र, खोलानाला तरी अध्ययन तथा अनुसन्धान गर्न जाँदा स्थलगत अनुसन्धाता तथा सहजकर्ताहरूको अनिवार्य जीवनबिमाको व्यवस्था भएको हुनुपर्छ तर त्यो जीवन बिमा भने नै थिएन । अध्ययन अनुसन्धान पूर्व नै स्थलगत अध्ययन क्षेत्रको विस्तृत जानकारी हुनुपर्नेमा जानकारी दिइएको थिएन । हावापानी, भौगोलिक क्षेत्र, समुदाय, खानपिन, बास, समुदायको मूल्यमान्यता र गोपनीयता सवाल, बजार महँगी साथै अनुसन्धाताले बोक्नुपर्ने र तयार गर्नुपर्ने कार्यहरूको जानकारी कुनै विस्तृत भएको थिएन । स्थलगत अनुसन्धान गर्ने कार्य हो भन्ने मात्र जानकारी दिइएको थियो ।

**अवसर**

किरात राई प्रज्ञा परिषद्को समन्वयमा युनेस्को काठमाडौँ र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय संस्कृति महाशाखाको संयुक्त आयोजनामा सम्पन्न ५ दिने तालिम तथा स्थलगत सूचीकरण कार्य सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ र उदयपुर जिल्लास्थित सम्पन्न भयो । यस तालिम र स्थलगत सूचीकरण कार्यले अभौतिक सांस्कृतिक सम्पदा महासन्धि २००३, यसका विधा र तत्त्वहरू बुझ्नमा समुदायलाई सजिलो भएको थियो । यसका साथै आगामी दिनमा राई समुदायहरूभित्रका मौखिक परम्परा तथा अभिव्यक्तिहरू (**Oral Traditions and expressions**), अभिनय तथा मञ्चन कला (**Performing arts**), सामाजिक व्यवहार, अनुष्ठान, जात्राहरू (**Social Practices, rituals and festive events**), प्रकृति एवम् ब्रह्माण्डसम्बन्धित ज्ञान (**Knowledge and Practices concerning to nature and the universe**), परम्परागत कलाकौशल, उत्पादन गर्ने सिप र प्रविधि (**Traditional craftsmanship**), परम्परागत खेल (**Traditional Games**), खाद्य परिकारका सिप (**Food culture Skills**), पहिरनलगायत आभूषण सम्बन्धी ज्ञान (**Knowledge related to dresses and ornament**), सम्पदा अभ्यास, कार्यान्वयन तथा अभ्यास गर्ने स्थल (**Heritage Practice and Implementing Spot**) र स्मरणमा रहेका तर अभ्यासमा नरहेका अमूर्त सांस्कृतिक सम्पदा (**Disappeared but heritage in memory**) का विधा र तत्त्वहरूको खोज, अध्ययन तथा अनुसन्धान गर्न, विवरणसूचीकरण गर्न र समुदायको सम्पदाहरूलाई स्थानीय सरकार, प्रदेश सरकार र राष्ट्रिय सूचीकरण गर्नमा अवसरहरू हुने छन् ।

### चुनौति

समुदायभित्र आफ्ना अमूर्त सम्पदाहरू प्रवर्धन, संरक्षण, दस्ताबेजीकरण र पुस्तान्तरण गर्नमा निम्न समस्याहरू समुदायभित्र अन्तरजातीय विवाह, बसाइँसराइ, विश्वभूमण्डलीकरणको प्रभाव, पाश्चात्य संस्कृति र परसंस्कृतिको ग्रहणका कारणहरू पनि धेरै मौलिकता लोप हुँदै गएको पाइयो । स्थलगत अध्ययनको बेलामा आर्थिक अभावका कारण दस्ताबेजीकरण गर्न नसकेको र समुदायमा प्रभाव परेको कुरा थाहा भयो । समुदायभित्र धर्म परिवर्तनसँगै भाषा तथा संस्कृति पनि लोप हुँदै गएको कुरा स्थलगत अध्ययनमा पाइयो । कहीकतै समुदायभित्र सचेतनाको अभाव पनि पाइयो । समुदायको संस्कृतिलाई व्यवसायिकता र रोजगारीसँग जोड्न नसक्नु, जीविकोपार्जन र आम्दानीसँग जोड्न नसक्दा पनि संस्कृति संरक्षणमा बाधा परेको पनि पाइयो । पुराना पुस्ताले नयाँ पुस्तालाई सांस्कृतिक सम्पदाको महत्त्व बुझाउन नसक्दा पनि युवापुस्ता बेवास्ता देखिन्छन् । धामी, झाँक्री, नछुङ तथा अभ्यासकर्ताको जीविकापार्जनसँग नजोडिनु पनि समस्याको रूपमा पहिचान भएको छ, अर्को कुरा नछुङको धामी झाँक्रीको गुण अन्यलाई सिकाउनु नमिल्ने जस्ता कुराले गर्दा पनि भएका ज्ञान, सिप, कलाहरूलाई हस्तान्तरण र पुस्तान्तरणमा प्रतिकुल असर परेकै छन् ।

### सुझावहरू

अध्ययनको सिलसिलामा राई समुदायहरूलाई केही सुझाव तथा सिफारिसहरू गर्दा उचित हुने कुरा देखेर राख्ने प्रयत्न गरिएको छ । समुदायको सांस्कृतिक सम्पदा संरक्षण कार्यका लागि समुदाय आफै लागि पर्नु पर्छ । युवा पुस्ताले आफ्ना समुदायका सम्पदाहरूमा बढी चासो दिनु पर्छ । उत्प्रेरणाको लागि समुदायका अभ्यासकर्ता, संस्कृतिविज्ञ, ऐतिहासिक योगदान दिएका व्यक्तित्वहरूलाई सम्बन्धित तत्त्व र विधा संरक्षण, सम्बर्द्धन कार्य गरेवापत समुदायभित्र सम्मान र पुरस्कारको व्यवस्था गरिनुपर्छ । सांस्कृतिक सम्पदा सरोकार श्रव्यदृश्य तथा वृत्तचित्र, चलचित्र निर्माण गरिनुपर्छ । पाठ्यसामग्री तथा पाठ्यपुस्तकहरूमा सम्पदा सहितको शिक्षा समावेश गरी पठनपाठन थाल्नुपर्छ । नेपालका तीन वटा प्रज्ञा प्रतिष्ठानहरू : नेपाल प्रज्ञा-प्रतिष्ठान, ललितकला प्रज्ञा-प्रतिष्ठान र नाट्य तथा संगीत प्रज्ञा-प्रतिष्ठान, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान लगायतका सरोकारवाला संघसंस्थाहरूले प्राथमिकतामा राखेर, कार्ययोजना निर्माण गरी सांस्कृतिक सम्पदा प्रवर्धन, संरक्षण, पुस्तान्तरण, वस्तु सूचीकरण, अध्ययन, खोज र अनुसन्धान कार्यक्रमहरू सञ्चालनलाई प्राथमिकता दिनुपर्छ ।

त्रिवि, केयु, पियु लगायतका विश्वविद्यालयहरूले मानवशास्त्र, समाजशास्त्र, संस्कृति, अर्थशास्त्र, इतिहास, विज्ञान, भूगोललगायतका विभागहरूमार्फत एमफिल, पिएचडि, मास्टर्स डिग्रीलगायतमा थेसिस लेखाउँदा संस्कृतिलाई समावेश गर्नुपर्छ । गोष्ठी, सभा, छलफल, अन्तरकृया, प्रस्तुति र छलफल, प्रदर्शनी र प्रतियोगितात्मक कार्यक्रमहरू नियमित रूपले समुदायभित्र सञ्चालन गरिनुपर्छ । सञ्चार माध्यममार्फत प्रचार-प्रसार गर्ने (रडियो, एफएम, टलिभिजन, अनलाइन, सामाजिक सञ्जाल, बेवसाइट, युट्युब, सिनेमा, भिडियोग्राफी, डकुमेन्ट्री, पुस्तक प्रकाशन, पत्रपत्रिका आदि) कार्यलाई प्राथमिकता दिइनुपर्छ । प्राकृतिक स्रोतसाधनको जगेर्ना र दिगो विकासमा केन्द्रित भैं समुदायको सम्पदा विकास गर्नुपर्छ । आधुनिक उपचार पद्धतिको तुलनामा परम्परागत प्राकृतिक उपचार

पद्धतिको प्रभावकारिताको बारेमा समुदायगत अध्ययन, पुस्तक प्रकाशन र समुदायगत जनचेतना अभिवृद्धि गरिनुपर्छ । संरक्षण, सम्बर्धन नगरेमा समुदायको आदिवासी तथा परम्परागत ज्ञान, सिप, कला, स्थानीय प्रविधि, लोकाचार, प्रथाजनित कानुनहरू, त्यसबाट समुदायलाई भविष्यमा हुने हानी नोक्सानीको बारेमा सचेत गराउने गतिविधिहरू सञ्चालन गरिनुपर्छ । किरातहरू स्वयम् प्रकृतिपूजक भएकाले प्रकृति र विज्ञानको फ्युजन गरी नयाँ पुस्तालाई रैथाने तथा आदिवासी ज्ञान बुझाउन सकेमा युवाहरूलाई सांस्कृतिक सम्पदा संरक्षणमा आकर्षित गर्न सकिने छ । योजना निर्माण गर्दा स्थानीय तथ्य वस्तुमा आधारित रही व्यवहारिक पक्षमा केन्द्रित भई निर्माण गर्नुपर्ने हुन्छ । स्थानीय सरकार अन्तर्गतका प्रज्ञा-प्रतिष्ठानहरूमार्फत अध्ययन तथा अनुसन्धान र अमूर्त सांस्कृतिक सम्पदा विवरण सूचीकरण तयार गर्दा स्थानीय सरकार र समुदायको सहभागितामा तयार गर्दा बढी सत्यतथ्य कुराहरू उत्खनन हुने गर्दछ ।

## निष्कर्ष

नेपालको संविधान २०७२ को प्रस्तावनामा नेपाललाई बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधता बिचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै, वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प र दिशा निर्देश गरेअनुसार नेपाल सरकारले अमूर्त सांस्कृतिक सम्पदा महासन्धि २००३ लाई सन् २०१० जुनमा अनुमोदन गरी १२५औँ पक्षराष्ट्र भएपछि यसको विकास, प्रवर्धन र संरक्षणमार्फत उल्लेखित कुराहरू हासिल गर्न राज्यको दायित्व भएको छ । राष्ट्रिय संस्कृति नीति २०६७ अनुसारको कार्ययोजना र कार्यक्रम उचित रूपमा लागु गर्नु पनि सरकारको दायित्व हुन्छ ।

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र युनेस्को काठमाडौँको संयुक्त आयोजनामा आयोजित पाँच दिने कार्यशाला/प्रशिक्षण गोष्ठीले पूर्वका राई समुदायहरूमा अमूर्त सांस्कृतिक सम्पदा महासन्धि २००३ को बारेमा अभिमुखीकरण गर्नुका साथै अमूर्त सांस्कृतिक सम्पदाको विवरण सूचीकरण, सम्बर्द्धन र संरक्षण कार्यका लागि सचेतना जगाउने कार्य सम्पन्न गरेको थियो । यसको लगत्तै समयसीमा र बजेटको परिधिमा रहेर राईभित्रका विभिन्न समुदायहरूको विवरण सूचीकरण गर्ने कार्य एकसाथ गर्नु सम्भव नदेखिएकाले राई समुदायका विज्ञहरूबाटै खोटाङमा साकेला, ओखलढुङ्गामा मौखिक परम्परा तथा अभिव्यक्ति, सोलुखुम्बुमा कुलुङको अल्लोको तान बुन्ने, खालिङको मुन्दुम र उदयपुरमा नछुङ परम्परा र उपचार पद्धतिको बारेमा विवरण सूचीकरण कार्य गर्नमा दिशा निर्देश भयो । तोकिएको तत्त्वहरू भन्दा पनि खोटाङमा किराती पूजासामग्री र हलेसुङ्गढी, ओखलढुङ्गामा चुलाको महत्त्व, वाम्बुले उत्पत्तिको कथा, लिब्जुको उत्पत्तिको कथा र उदयपुरमा बाँसको सोली बुनाइ बढी विवरण सूचीकरण गर्ने कार्य सम्पन्न गरियो । यी विवरण सूचीकरणका कार्यले राई समुदायमा भएका लोकज्ञान, सिप, कला तथा प्रविधिको केही भएपनि उजागर गर्ने कार्य सम्पन्न भयो । भाषा, संस्कृति तथा पहिचानको सवालहरूमा समुदायको व्यक्तित्वहरूलाई काम गर्ने वातावरण तथा अवसर प्रदान भएको थियो । पश्चिमेली संस्कृतिको आक्रान्तबाट पीडित युवापुस्तामा

सचेतना थप भएको थियो । समुदायका अभ्यासकर्ताहरूलाई प्रोत्साहन गर्ने, सम्मान गर्ने र उनीहरूको जीविकोपार्जनमा सहयोग गर्नुपर्ने चेत केही भए पनि खुलेको थियो ।

अबको दिनमा सङ्ग्रहालयमा, पाठ्यपुस्तकमा अमूर्त सांस्कृतिक सम्पदाका तत्त्वहरूलाई समावेश गर्नुपर्ने कुरामा ध्यान दिनुपर्ने ऊर्जा थप भएको थियो । युवा अनुसन्धाताले यस क्षेत्रमा कार्य गर्न सकेको खण्डमा स्वरोजगारीको अवसर होमस्टे, सांस्कृतिक तथा पर्यापर्यटन क्षेत्रमा प्रवल सम्भावना भएको पाइयो । त्रिभुवन विश्वविद्यालय, संस्कृति विश्वविद्यालय, पूर्वाञ्चल, लुम्बिनी र पश्चिमाञ्चल विश्वविद्यालय, काठमाडौँ विश्वविद्यालयहरू, सरकारको मातहतका तीनवटा प्रज्ञा–प्रतिष्ठानलगायतले यस क्षेत्रमा कार्य गर्न सकेको खण्डमा धेरै कुराहरू छोटो समयमा उजागर हुने कुरामा दुइमतै छैन ।

कार्यक्रमको समय तालिका परिवर्तन हुँदा पनि समुदायका अनुसन्धाताहरू र समुदायका व्यक्तित्वहरूको महत्त्वपूर्ण सहयोग साथै फिल्ड सहजकर्ताद्वयको उचित प्रतिबद्धताका कारण छोटो समय सीमाभित्र भए तापनि राम्रो उपलब्धि हासिल हुन सकेको थियो । ४ जिल्लाको तत्त्वहरूलाई समेटेर प्रगति प्रतिवेदन तयार भएको थियो ।

## सन्दर्भ सामग्रीसूची

संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय (२००३). *अमूर्त सांस्कृतिक सम्पदा संरक्षणसम्बन्धी महासन्धि २००३*. नेपाल सरकार ।

न्यौपाने, टङ्कप्रसाद (२०७४). *किरात भाषाहरू र नेपाली भाषाको व्यतिरेकी अध्ययन*. नेपाल प्रज्ञा–प्रतिष्ठान ।

## स्रोतव्यक्ति

१) जितराज राई (वर्ष ७५), हलेसी तुवाचुङ नपा–७, कात्तिके
२) हिङ्गराज राई (वर्ष ५५), हलेसी तुवाचुङ नपा–५, साल्तेमा
३) कम्पसेर राई (वर्ष ५९), हलेसी तुवाचुङ नपा–७, असेल्खर्क
४) सिङघसेर राई (५६), रूपाकोट मझुवागढी–५, खोटाङ
५) रामधन राई (बर्ष ५५), रूपाकोट मझुवागढी–५, खोटाङ
६) कबिन्द्र राई (बर्ष ४६), रूपाकोट मझुवागढी–५, खोटाङ
७) अकबर्ण राई 'नक्छौ' (बर्ष ४८), रूपाकोट मझुवागढी–५, खोटाङ
८) रकम रोदुङ (वर्ष ४०), हलेसी तुवाचुङ नपा–८, धितुङ
९) रकम सेरालुङछा (वर्ष ३९), हलेसी तुवाचुङ नपा–८, धितुङ
१०) तामन राई (वर्ष ३७) पूर्व कार्यकारी निर्देशक, हलेसी महादेवस्थान विकास समिति
११) मविन्द्र राई, हलेसी तुवाचुङ नपा–५, साल्तेमा
१२) रूद्र राई, हलेसी तुवाचुङ नपा–५, चुमाखु
१३) रत्न राई, (वर्ष ४५), हलेसी तुवाचुङ नपा–७, कात्तिके
१४) भोगीराज चाम्लिङ, (वर्ष ४९), मुन्दुमविद्, हलेसी तुवाचुङ नपा–५, दुर्छिम

१५) जितराज राई (वर्ष ७५), हलेसी तुवाचुङ नपा-७, कात्तिके
१६) जयकुमार राई (५०), अध्यक्ष, किरात राई प्रज्ञा परिषद्, कोटेश्वर
१७) गजुरधन राई (वर्ष ६५), अध्यक्ष, हलेसी मन्दिर व्यवस्थापन समिति
१८) कुलदिप गिरी (६९) (हलेसी मन्दिरका पुराना पुजारी), हलेसी तुवाचुङ नपा-७, हलेसी
१९) हर्कबहादुर परियार (वर्ष ९३) हलेसी मन्दिर छेउका पुराना बासिन्दा), तुवाचुङ नपा-७, हलेसी
२०) मनिसा चाम्लिङ राई (वर्ष २१), पूजा सामग्री व्यापारी (वर्ष २१), हलेसी तुवाचुङ नपा-५, गैरिगुठ
२१) पुष्षा कट्टुवाल, (वर्ष ३८), हलेसी तुवाचुङ नपा-७
२२) लहनजीत राई, (वर्ष ७३) मानेभन्ज्याङ ५, मुन्दुमी
२३) अमलाल राई, (वर्ष ६७) मानेभन्ज्याङ २, नाक्सो
२४) मकर बहादुर राई, (वर्ष ७०) मानेभन्ज्याङ ५, मुन्दुमी, ङाबुचो
२५) धर्मजीत राई, (वर्ष ८०) मानेभन्ज्याङ ५, नाक्सो
२६) तारा कुलुङ, (वर्ष ३३) महाकुलुङ ४, गुदेल, शिक्षक
२७) बलराम राई (वर्ष ४६) महाकुलुङ ४, गुदेल, शिक्षक
२८) कान्छीमाया राई (वर्ष ३५) महाकुलुङ ४, गुदेल, अभ्यासकर्ता
२९) बलकुमारी राई (वर्ष ४०) महाकुलुङ ४, गुदेल, अभ्यासकर्ता
३०) जीत बहादुर राई (गोरिसे), (वर्ष ७३) नोक्छो
३१) रणबहादुर राई, (वर्ष ४५) चिपोमी
३२) माहाशेर राई, (वर्ष ७४) सुनकोसी गाउँपालिका वडा नं. ४, बलम्ता, धामी, उदयपुर जिल्ला

**समुदायका सहभागी अनुसन्धाताहरू**

१) जनक राई, रूपाकोट मझुवागढी-५, खोटाङ
२) तिलक चाम्लिङ, हलेसी तुवाचुङ नपा-५, खोटाङ (प्रतिवेदन तयारकर्ता)
३) तेजमाया दुमी राई, केपिलासगढी गापा, खोटाङ
४) कविचन्द्र राई (फोटो/भिजुयल), साकेला गापा, खोटाङ
५) शुभराज राई (टिपोटकर्ता तथा लेखन)
६) उद्धव राई (सहयोगी तथा फोटोग्राफर)
७) नैन राई (फोटो ग्राफर)
८) जङगबहादुर खालिङ (मुक्न्यार), जुभिङ -४, सोलुखुम्बु
९) भुपध्वज थोमरस, कुलुङ समुदाय लेखक
१०) गणेश राई, पत्रकारिता